# नवलपरासी जिल्लाको परासीमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्वारा

# उद्यमशीलता विकास तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना २१ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ पौष १८ गतेदेखि २० गतेसम्म नवलपरासी जिल्लाको परासीमा **"उद्यमशीलता विकास तालिम** "सम्पन्न गरेको संस्थाका परासी शाखाका प्रमुख रबिन्द्र कुमार बरईले जानकारी गराएका थिए । यस कार्यक्रमको उद्घाटन रामग्राम न.पा.को मेयर नरेन्द्र प्रसाद गुप्ताले गरेका थिए । तालिममा प्रशिक्षकहरु शम्भु न्यौपाने, राधेश्याम साहनी, शाखा प्रमुख रविन्द्र कुमार बरई रहेका थिए ।

एक परिवारमा एक उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख शम्भु न्यौपानेले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको परासी शाखाका प्रमुख रबिन्द्र कुमार बरईले प्रकाश पारेका थिए ।

यो निर्धन उत्थानलघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त बित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, ७ वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १८८ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।संस्थाले २०७५ मंसिर मसान्तसम्ममा ३ लाख ३३ हजार १४१ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाको २०७५ मंसिर मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ५२ करोड ४३ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ३३ करोड ४२ लाख बचत परिचालन गरेको छ । बिभिन्न व्यवसाय गरी रहेका तथा व्यवसायलाई बिभिन्न पक्षबाट सहयोग गरी रहेका संस्थाका

ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका परासी शाखाका प्रमुख रबिन्द्र कुमार बरईले जानकारी गराएका थिए । तालिमको संचालन परासी शाखाका प्रमुख रबिन्द्र कुमार बरईले गरेका थिए ।

उद्यमशीलता विकास तालिमबाट स्थानीय तहमा सहभागीहरुको सम्बन्ध बिस्तार, आयआर्जन, स्वरोजगार, **ब्यव**सायमा भिन्नता,आत्म बिष्लेषण, सफल उद्यमीका विशेषताहरु, विभिन्न तरिकाले ब्यवसायको छनौट जस्तै प्रारम्भिक छनौट प्रक्रिया, वृहत छनौट र सुक्ष्म छनौट गर्न ठाउँको छनौट, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गरी आयआर्जन गर्ने तरिका, जोखिम तथा जोखिमका प्रकार तथा त्यसको समयसापेक्ष समाधानका उपायहरु, संस्थाको कर्जा, बचतका तथा बिमा सेवाको फाईदाहरु, ब्यवसाय संचालनमा प्रयोग गर्न सकिने विभिन्न प्रविधिहरु, ब्यवसायको लागि उपयुक्त योजना छनौट तथा तयार गर्ने तौर तरिका, बजार बजारिकरण, बजार संजालको महत्व, तालिम मूल्याङ्कन, कार्य योजना तयारी र संस्थाका अन्य तमाम समाजिक सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको परासी शाखाका प्रमुख रबिन्द्र कुमार बरईले बताएका थिए ।